# नेपाल सरकार
## गृह मन्त्रालय
## लागू औषध दुरूपयोग एवं ओसारपसार विरूद्धको अन्तर्राष्ट्रिय दिवस २६ जुन २०१९
## सप्ताहव्यापी अभियान शुभारम्भ कार्यक्रममा सञ्चारकर्मीहरूलाई वितरित

## प्रेसनोट

**उपस्थित सञ्चारकर्मी मित्रहरू,**

लागू औषध दुरूपयोग एवं ओसारपसार विरूद्दको अन्तर्राष्ट्रिय दिवश २६ जून २०१९सप्ताहव्यापी अभियानको शुभारम्भ कार्यक्रममा उपस्थित यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु ।

यस वर्षको राष्ट्रिय नारा **"समृद्ध राष्ट्र निर्माणका लागि लागू औषधरहित स्वस्थ जीवन"** रहेको छ । भने HEALTH FOR JUSTICE : JUSTICE FOR HEALTH अन्तरराष्ट्रिय नारा तय भएको छ । लागू औषध दुरूपयोग एवं ओसारपसार विरूद्दको दिवस २६ जुन २०१९ मूल आयोजक समितिबाट मिति २०७६ आषाढ ५ देखि ११ गते सम्म सप्ताहव्यापी कार्यक्रमको कार्ययोजना स्वीकृत भएको छ ।उक्त कार्ययोजनामा लागू औषध रोकथाम नीति एवं मार्गदर्शन तर्जुमा, वैकल्पिक विकास प्रयास, औषधी ऐन कार्यान्वयनका चुनौती र समाधानका उपायहरुका विषयमा अन्तरक्रिया कार्यक्रम,सञ्चार माध्यामहरुबाट सचेतना कार्यक्रम, गाँजा/अफिम खेती फडानीजस्ता नियन्त्रणात्मक कार्यक्रमहरु र प्रभातफेरी पश्चात मूल समारोह लगायतका विभिन्न २६ वटा कार्यक्रमहरू सञ्चालन गरी मनाइने तयारी गरिएको छ ।

यस दिवसलाई सरोकारवालाहरू संगको समन्वयमा सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी मनाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन भैसकेको छ। यस क्रममा लागू औषधबाट बढी प्रभावित जिल्लाहरुमा दिवसकै सन्दर्भमा अन्य कार्यक्रमका अतिरक्त सरोकारवालाहरुको व्यापक सहभागितामा सचेतनामूलक कार्यक्रम र जिल्लामा लागू औषधको विशिष्ट अवस्था अनुसार छुट्टै कार्यक्रम गर्न समेत निर्देशन गरिएको छ । यसै गरी प्रदेशस्तरमा यस दिवसलाई सप्ताहव्यापी रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी मनाउन प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय मार्फत् प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयमा अनुरोध गरिएको छ ।समुदायस्तर देखि नै स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न समन्वयात्मक रुपमा निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम

सञ्चालन गरी दिवस मनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सात सय त्रिपन्न वटै स्थानीय तहहरुमा अनुरोध भैसकेको छ ।

विश्वव्यापीरूपमा फैलिएको लागू औषधको कारोबार तथा सेवनको दुष्प्रभावबाट नेपाल पनि प्रभावित तथा पिडित रहेको छ ।पछिल्ला सर्वेक्षणहरुबाट नेपालमा वर्षेनी ११.३६ प्रतिशतले लागू औषध प्रयोगकर्ताहरुको संख्यामा वृद्धि हुने गरेको देखिन्छ ।त्यसै गरी कूल अपराध मध्ये ७ प्रतिशत अपराध लागू औषधसँग सम्बन्धित रहेका छन्। देशको जनसांख्यिक लाभको रुपमा रहेको अमूल्य जनशक्ति एकातिर लाखौंको संख्यामा कामका लागि वैदेशिक रोजगारमा जानु अर्कोतर्फ डेढ लाख भन्दा बढी युवा लागू औषधको कूलतमा फस्नु अत्यन्त चिन्ताको विषय भएको छ।यसबाट नेपाली समाजका विद्यमान समस्याहरु मध्ये युवा वर्ग लागू औषधको कूलतमा फस्नु पनि एक प्रमुख समस्याको रुपमा देखिएको छ ।

कुनै पनि समाजको प्रगति र विकासको केन्द्रविन्दुमा रहेको युवा वर्ग नै लागू औषध दुर्व्यशनको कुचक्रमा फसेमा समाजको स्थिति सोचनीय हुन्छ नै ।लागू औषध दुर्व्यशनको यो अवस्थाले एकातिर समुदायस्तरदेखि नै स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न चुनौती सिर्जना गरेको छ भने अर्कोतर्फ दिगो विकास लक्ष्य हासिल गर्न समेत अवरोध सिर्जना गरेको छ ।

अतः लागू औषधको माग घटाउने र आपूर्ति नियन्त्रण गर्ने सन्तुलित नीतिको प्रभावकारी कार्यान्वयनका लागि विधि निर्माताहरुको निरन्तरको मार्गदर्शन र निगरानी आवश्यक पर्दछ भने नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, विभाग र कार्यालयहरुले आ–आफ्नो जिम्मेवारी अनुरुप लागू औषध नियन्त्रण र रोकथामको विषयलाई प्राथमिकताका साथ व्यक्ति, परिवार, समाज र राष्ट्रिय स्तरमा अभियानको रुपमा सञ्चालन गर्नु पर्दछ ।यस सम्बन्धमा लागू औषध सम्बन्धी अपराधका लागि फौजदारी न्याय निरुपण प्रणालीको समेत महत्वपूर्ण भूमिका हुन्छ भने निःसन्देह लागू औषधबाट पुग्ने हानीको बारेमा समाजमा जागरुकता बढाई माग घटाउ सहित रोकथाम र नियन्त्रण कार्यमा सञ्चार माध्यमको महत्वपूर्ण भूमिका हुन्छ।

**सञ्चारकर्मी मित्रहरु, उपस्थित महानुभावहरु**

**लागू औषधदुर्व्यशन नियन्त्रण विकासको मुद्धा (Development Agenda) हो ।**साझा लक्ष्य प्राप्तिका लागि विकास सम्बद्ध नीति र लागू औषध नियन्त्रण एवं रोकथामका प्रयासलाई संगसंगै लैजानु आवश्यक छ । दिगो विकास लक्ष्यहरुको प्राप्तिका लागि यी

दुई विषयलाई पृथक पृथक रुपमा सोच्ने विगतको दृष्टिकोणमा आमूल परिवर्तनको आवश्यकता छ  किनकी लागू औषध नियन्त्रण विकासको मुद्धा हो ।यदि विकास-समुदाय यो सवालमा मौन रहेमा यसले धेरै दिगो विकास लक्ष्यहरु पूरा गर्ने तर्फका प्रयास र प्रगतिलाई सीमित गर्नसक्छ।

नेपालको सन्दर्भमा डेढ लाख कर्मठ उमेर समूहका युवा लागू औषधको दलदलमा फस्दा एकातिर ती युवाबाट विकास अभियानमा योगदान हुन सकेको छैन भने अर्कोतिर उनीहरुको स्वास्थ्य उपचार, पारिवारिक, सामाजिक असर, आर्थिक नोक्सानी, रोकथाम तथा पुनर्स्थापना र अपराध नियन्त्रणमा उल्लेख्य श्रोत साधन खर्चिनु परेको छ । स्वस्थ र स्वच्छ युवा जनशक्ति विना राष्ट्र विकास असम्भव प्रायः हुन्छ । तसर्थ दिगो विकास लक्ष्य एवं सरकारले लिएको सम्वृद्ध नेपाल र सुखी नेपालीको अकांक्षा पूरा गर्न लागू औषध दुर्व्यशन समस्याको समाधान जरुरी छ । लागू औषध दुर्व्यशन र अवैध ओसारपसार विकास र सम्वृद्धिको बाधक हो भन्ने तथ्यलाई हृदयंगम गर्नु अत्यन्त आवश्यक छ । लागू औषध नियन्त्रणका क्षेत्रमा भएका विभिन्न प्रयासलाई प्रत्येक शासकीय तहको नीति र कार्यक्रममा मूलप्रवाहीकरण गर्न सञ्चार माध्यामको महत्वपूर्ण सहयोगको अपेक्षा गरेका छौं ।

गृह मन्त्रालय लागू औषधको आपूर्ति नियन्त्रण कार्यमा निरन्तर रुपमा लागिरहेको छ । यसका साथै लागू औषध अपराध नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरी उल्लेख्य मात्रामा अपराधी पक्राउ र लागू औषध बरामद भैरहेको छ ।विद्यमान लागू औषध नियन्त्रण ऐन र नेपाल सरकारको नीति एवं अन्तरराष्ट्रिय प्रतिवद्धता अनुसार गृह प्रशासनको ध्यान रोकथाम र प्रयोगकर्ताको उपचार तथा सेवाको साथै प्रभावकारी कानून कार्यान्वयनको सन्तुलित रणनीति अख्तियार गर्ने तर्फ केन्द्रित रहेको छ ।

अन्तर सम्बन्धित विषयको रुपमा रहेको लागू औषध दुरुपयोगको रोकथाम, प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना र जोखिम न्यूनिकरणमा सम्बद्ध सबैको सामूहिक प्रयास अपरिहार्य छ । लागू औषधको मागलाई नघटाएसम्म यसको खेती, उत्पादन र ओसारपसारको पूर्ण नियन्त्रण सम्भव नहुने हुँदा सम्बद्ध सबैले समग्र र संवेदनशील तवरबाट यसको रोकथाम र नियन्त्रणको प्रयास गरौं । हामी सबैले आ-आफ्नो तह र तप्काबाट लागू औषध दुरुपयोगको समस्याबाट सृजना हुने हानी , नोक्सानी रोकथाम र न्यूनीकरण गर्न योगदान दिउँ जसले गर्दा हामी एक स्वस्थ र सुखी समाजको दिशामा अग्रसर हुन सकौं ।हामी अलग अलग, व्यक्तिगत तवरबाट र एकापसमा सहकार्य एवं साझेदारी गरी दूरगामी महत्वको यस कार्यमा योगदान गरौं। राष्ट्रका भविष्यका

कर्णधार युवा पुस्तालाई सही दिशा दिउँ, राष्ट्रको समृद्धि र विकासका लागि आधार तयार गरौं । गृह मन्त्रालयले मानिसको जीवन रक्षा गर्न र समाजलाई अपराध र रोगबाट जोगाउन सञ्चारमाध्याम सहित सम्बद्ध सबैबाट लागू औषध रोकथाम र नियन्त्रणको क्षेत्रमा सक्रिय योगदानको अपेक्षा राखेको छ ।सबैको साझा जिम्मेवारीको रुपमा रहेको लागू औषध रोकथाम र नियन्त्रणमा विशिष्ट रुपमा सञ्चार माध्यामबाट वर्षैभर नै जागरण र सचेतनामूलक सन्देशहरु प्रशारण गरी दिन आग्रह गर्दछौं ।

आगामी दिनमा लागू औषधको दुरुपयोग तथा ओसारपसार नियन्त्रण गर्ने अभियानमा सञ्चार क्षेत्र लगायत सम्बन्धित सबै निकाय संघ/सस्थाहरूबाट विगतमा झै निरन्तर सहयोग र सहकार्यको लागि हार्दिक अनुरोध छ ।

धन्यवाद ।